# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०४।१८ गते।

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको।

जिल्ला सुनसरी, इटहरी उपमहानगरपालिकाका लेखा अधिकृत विकाश पोखेलले सोही उपमहानगरपालिकाको शिक्षा शाखाबाट कक्षा ८ को परीक्षा संचालनमा भएको खर्चको फरफारक गरी भुक्तानी गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिगएको टोलीले निज लेखा अधिकृत विकाश पोखेललाई रु.६५,०००/- (पैसठ्ठी हजार) घुस/रिसवत बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा जिल्ला सुनसरी, इटहरी उपमहानगरपालिकाका लेखा अधिकृत विकाश पोखेलले सोही उपमहानगरपालिकाको शिक्षा शाखाबाट कक्षा- ८ को परीक्षा संचालनमा भएको खर्चको फरफारक गरी भुक्तानी गर्ने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरी रु. ६५,०००।— लिइसकेको अवस्थामा निजबाट उक्त घुस/रिसवत रकम बरामद भएको अनुसन्धानबाट खुल्न आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध भएको देखिंदा निज लेखा अधिकृत विकाश पोखेललाई बिगो रु. ६५,०००।— (पैसठ्ठी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी